# शहिद लखन गाउँपालिका

## स्वयम् सेवक शिक्षक छनौट तथा व्यवस्थापन कार्यविधि, २०७८

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

शहिद लखन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

घैरुङ्ग, गोरखा

**शहिद लखन गाउँपालिका, गोरखा**

**-प्रमाणिकरण मितिः२०७८।०४।२०**

# स्वयम् सेवक शिक्षक छनौट तथा व्यवस्थापन कार्यविधि २०७८

**प्रस्तावना**

शिक्षा व्यक्ति,समुदाय तथा सिङ्गो राज्यको मेरुदण्ड हो । मेरु दण्ड बलियो र सबल हुन नसक्दा व्यक्ति,समुदाय र राज्य नै अपाङ्ग हुन जान्छ । कुनै पनि देश विकासको आधार भनेको नै शिक्षा हो । त्यसैले भनिन्छ कुनै पनि देशलाई ध्वस्त बनाउनु छ भने अणु बम नै खसाल्नु पर्दैन नकी त्यहाँको शिक्षालाई ध्वस्त बनाइ दिए काफी हुन्छ ।तर्सथ हाम्रा सामुदायिक विद्यालयहरुलाई सवल, सक्षम तथा जवाफदेही र उत्तरदायीपूर्ण बनाउन नसक्दा सम्म त्यहाँबाट उत्पादन भएका जनशक्ति पनि सवल बन्न सक्दैन । यसकारण हाम्रा समुदायको विकास समेत धिमा गतिमा रहेको छ । तसर्थ हाम्रा सामुदायिक विद्यालयहरुलाई क्षमतावान ,सवल ,जवाफदेही र उत्तरदायीपूर्ण वनाउन समेत प्रर्याप्त दक्ष जनशक्ति को आवश्यकता पर्दछ । हाल नेपाल सरकारको दरबन्दि मिलान समितिले यस गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुको दरबन्दि मिलान पश्चात विद्यालयमा रहेको जनशक्ति रिक्ततालाई मध्यनजर गरी तथा नेपालको संविधान २०७२ ले आफ्नो तह भित्रका विद्यालयहरुको रेख देख तथा व्यवस्थापनको अधिकार र जिम्मेवारी समेत स्थानीय तहमा नै निहित रहेको हुँदा तथा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ र १५ को अधिकार प्रयोग गरी गाउँपालिकाले स्वयम् सेवक शिक्षक छनौट कार्यविधि २०७८ जारी गरेको छ ।

## परिच्छेद १

## संक्षिप्त नाम र परिभाषा

१. **संक्षिप्त नामः** (१) यस मापदण्डको नाम "स्वयम् सेवक शिक्षक छनौट तथा व्यवस्थापन कार्यविधि २०७८" रहेको छ ।

(२) यो कार्यविधि शहिद लखन गाउँपालिका भित्रका अनुमति तथा स्वीकृत प्राप्त सामुदायिक विद्यालयमा लागु हुनेछ ।

(३) यो मापदण्ड गाउँ कार्यपालिकाबाट पारित भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा** :- विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा

(१) "गाउँपालिका" भन्नाले शहिद लखन गाउँपालिकालाई सम्झनु पर्दछ ।

(२) "कार्यबिधि" भन्नाले स्वयम् सेवक शिक्षक छनौट तथा व्यवस्थापन कार्यबिधि २०७८ लाई सम्झनु पर्छ ।

(३) "कार्यपालिका" भन्नाले शहिद लखन गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(४) "शिक्षक दरवन्दि" भन्नाले शहिद लखन गाउँपालिका भित्रका हाल मौज्दात शिक्षक दरबन्दि र शहिद लखन गाउँपालिकाद्धारा थप गरेका शिक्षक, स्वयमसेवक शिक्षकको दरवन्दिलाई सम्झनु पर्छ ।

(५) "शिक्षक" भन्नाले नेपाल सरकारद्वारा तोकिएको दरबन्दिमा कार्यरत शिक्षकलाई सम्झनु पर्दछ ।

(६) "स्वयम सेवक शिक्षक" भन्नाले यस गाउँपालिकाबाट शिक्षण सिकाइका लागि विद्यालयमा राखिएका व्यक्तिलाई सम्झनु पर्छ ।

(७) "शिक्षक छनौट समिति" भन्नाले यस गाउँपालिकामा व्यवस्था भएको करार शिक्षक छानौट समितिलाई सम्झनु पर्दछ ।

(८) "अध्यक्ष" भन्नाले शहिद लखन गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(९)"उपाध्यक्ष" भन्नाले शहिद लखन गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(१०) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले शहिद लखन गाउँपालिकाको अख्तियारी प्राप्त कार्यालय प्रमुख लाई सम्झनु पर्दछ ।

(११) "शिक्षा अधिकृत " भन्नाले यस गाउँपालिकामा शिक्षा हेर्न खटिएका शिक्षा शाखा प्रमुख लाई सम्झनु पर्दछ ।

(१२)"विषय विज्ञ भन्नाले शिक्षा संकायबाट तोकिएको विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण भई सम्बन्धित क्षेत्रमा कम्तिमा पाँच वर्षको अनुभव प्राप्त सम्वन्धित तहको वा सो भन्दा माथिल्लो तहको स्थायी शिक्षकलाई सम्झनुपर्छ।

(१३) "निर्वाह खर्च" यस गाउँपालिका भित्र स्वयम् सेवक शिक्षकका रुपमा कार्यरत शिक्षकलाई दिइने पारिश्रमिक सम्झनु पर्दछ ।

(१४) "शिक्षा शाखा" भन्नाले शहिद लखन गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई जनाउनेछ ।

(१५) "तथ्याङ्क सत्यापन" भन्नाले अघिल्लो शैक्षिक सत्रमा विद्यालयमा रहेका विद्यार्थीहरुको गाउँपालिकाले अनुगमन गरी एकिन गर्ने कार्यलाइ सम्झनु पर्दछ ।

(१६) "विद्यालयको विद्यार्थी संख्या" भन्नाले तथ्याङ्क सत्यापनबाट एकिन भएको अघिल्लो शैक्षिक सत्रको विद्यार्थी संख्या सम्झनु पर्दछ ।

शहिद लखन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... गोरखा २०७३

प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद २

## विद्यालयले स्वयम् सेवक शिक्षक प्राप्त गर्ने आधारहरु

३. अघिल्लो शैक्षिक सत्रको तथ्याङ्क सत्यापनको आधारमा प्रत्येक वर्ष स्वयम सेवक शिक्षक संख्या र विद्यालयले प्राप्त गर्ने संख्या शैक्षिक शत्रको सुरुमा गाउँपालिकाले एकिन गर्नेछ ।

४. नेपाल सरकारले प्रदान गरेको दरवन्दीले शिक्षक विद्यार्थी अनुपात नपुगेको अवस्थामा त्यस्तो विद्यालयमा गाउँपालिकाको निर्णयनुसार स्वयम् सेवक शिक्षकको व्यवस्था गरिनेछ ।

५. शिक्षा नियमावलीले तोके बमोजिम न्युनतम शिक्षक दरवन्दी भन्दा कम दरवन्दी मौज्दात रहेका विद्यालयहरुलाई पहिलो प्राथमिकता प्रदान गरिनेछ ।

६. विद्यालयलाई दिइने स्वयम् सेवक शिक्षक संख्या निर्धारण गर्ने आधारहरु : (१) हाल सञ्चालनमा रहेका सबै माध्यमिक तथा आधारभूत विद्यालय(१-८) विद्यालयलाई न्यूनतम १ स्वयम् सेवक शिक्षक प्रदान गरिनेछ तर नेपाल सरकारद्धारा प्रदान गरिने माध्यमिक वा निम्न माध्यामिक शिक्षण सिकाइ अनुदान कोटा प्राप्त गर्ने विद्यालयलाई स्वयम सेवक शिक्षकको संख्याबाट अनुदान दरवन्दि संख्या घटाई स्वयम् सेवक शिक्षक प्रदान गरिनेछ ।

(२) हाल कक्षा १-५ सञ्चालनमा रहेका र विद्यार्थी संख्या ५० भन्दा बढि रहेका प्राथमिक विद्यालयलाई १ स्वयम सेवक शिक्षक प्रदान गरिनेछ ।

(३) हाल कक्षा १-३ सञ्चालनमा रहेका र विद्यार्थी संख्या ३० भन्दा बढी भएका र हाल विद्यालयमा २ दरवन्दी मात्र मौज्दात रहेका प्राथमिक विद्यालयलाई १ स्वयम सेवक शिक्षक प्रदान गरिनेछ ।

(४) कुनै विद्यालयको शैक्षिक सत्रको सुरुवातमा कक्षा थप गरिएको र थप दरवन्दी प्राप्त नगरेको भए १ स्वयम सेवक शिक्षक प्रदान गरिनेछ ।

(५) हाल १ दरबन्दि मौज्दात रहेका इसिडीको दरवन्दी प्राप्त नगरेका तर विद्यार्थी संख्या २० भन्दा बढी रहेका (इसिडी समेत) विद्यालयलाई १ स्वयम सेवक शिक्षक प्रदान गरिनेछ ।

(६) प्रत्येक कक्षामा (१ देखि १०) सम्म ६० जना भन्दा बढी विद्यार्थी भएमा मौज्दात दरवन्दीमा न्युनतम भन्दा प्रतिकक्षा १ शिक्षक नभएमा प्रतिकक्षा १ जना शिक्षक प्रदान गरिनेछ ।

(७) उपदफा १ देखि ६ बमोजिम विद्यालयले प्राप्त गर्ने शिक्षक संख्या १ भन्दा बढि प्राप्त गर्न सक्ने भएमा सबै विद्यालयहरुले प्राप्त गरिसके पछि मात्र दोहोरिनेछ । तर: स्वयम् सेवक शिक्षक आवश्यकता अनुसार तोकिएको प्रक्रिया पूरा गरी राखिनेछ । यदि शिक्षक विद्यार्थी अनुपातमा आवश्यक नदेखिएमा शैक्षिक शत्र शुरुको भएको दोश्रो महिना भित्र शिक्षा शाखाले स्वत: कोटा सहित स्वयम् सेवक शिक्षक हटाई गाउँपालिकामा जानकारी दिनु पर्नेछ ।

गाउँ कार्यपालिकाको कार्यालय ... गोरखा २०७२

प्रमुख प्रशासकीय अधिकृत

परिच्छेद ३

## स्वयम् सेवक शिक्षक छनौट सम्बन्धी व्यवस्था

७. स्वयम् सेवक शिक्षक परीक्षा संचालन गर्न तपसिल बमोजिम परीक्षा समन्वय तथा अनुगमन समिति रहनेछ । समिति देहायबमोजिम रहनेछ :

क. अध्यक्ष : गाउँपालिकाका अध्यक्ष
ख. सदस्य : गाउँपालिकाका उपाध्यक्ष
ग. सदस्य : प्रमुख प्रशासकीय अधिकृत
घ. सदस्य : समाजिक विकास समितिका संयोजक
ङ.स.सचिव : शिक्षा शाखा प्रमुख

८. स्वयम् सेवक शिक्षक परीक्षा संञ्चालन गर्न तपसिल बमोजिम परीक्षा संचालन समिति रहनेछ ।

क. संयोजक: प्रमुख प्रशासकीय अधिकृत
घ. सदस्य : शिक्षा शाखाका कर्मचारी एक जना
ङ.स.सचिव : शिक्षा शाखा प्रमुख

९. दफा ७ र ८ बमोजिमका समितिको बैठकमा आवश्यकतानुसार आमन्त्रण गर्न सकिनेछ ।

१०. स्वयम् सेवक शिक्षकका लागि पन्ध्र दिनको सुचना प्रकाशित गरिनेछ ।

११. स्वयम् सेवक शिक्षक हुनका लागि देहायको बमोजिम योग्यता हुनु पर्नेछ:

(१) न्युनतम शैक्षिक योग्यता १० + २ हुनु पर्नेछ : तर माथिल्लो योग्तालाई प्राथमिकता दिइनेछ
(२) नेपाली नागरिक हुनु पर्ने छ ।
(३)उमेरको हद : १८ बर्ष पूरा भई महिलाको हकमा ४० बर्ष नलाघेका र पुरुषको हकमा ३५ बर्ष ननाघेको हुनु पर्नेछ ।
(४) अध्यापन अनुमति पत्र हुने उम्मेदवारलाई पहिलो प्राथमिकता दिइनेछ । शिक्षा शास्त्र संकायमा अध्ययनरत उम्मेदवार र अन्य संकायबाट उम्मेदवार हुनेलाई क्रमश दोश्रो र तेस्रो प्राथमिकता दिइनेछ ।
। तर अध्यापन अनुमति पत्रलाई अनविार्य शर्त गराइने छैन ।

स्वयम् सेवक शिक्षक हुनका लागि उम्मेदवार हुन नसक्ने : (१) देहायका व्यक्ति स्वयम् सेवक शिक्षक का लागि हुने परीक्षमा उम्मेदवार हुन सक्ने छैनन् ।

(क) गैर नेपाली नागरिक
(ख) १८ वर्ष नपुगेको
(ग) मगज बिग्रेको
(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको
(ङ) परिच्छेद ३ को नियम ११ को दफा (१) अनुसार शैक्षिक योग्यता नपुगेको व्यक्ति
(च) पुरुष र महिलाका हकमा क्रमश: ३५ र ४० वर्ष पूरा गरेको व्यक्ति

१२. स्वयम् सेवक शिक्षकका लागि संचालन हुने परीक्षाका लागि सूचना प्रकाशित भए पश्चात अनुसूची १ बमोजिम दरखास्त आवेदन फारम भरी रु.१०००।- को राजश्व दस्तुर बुझाएको भौचर सहित आवेदन दिन पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

१३.स्वयम् सेवक शिक्षक छनौट परीक्षा देहायबमोजिम संचालन हुनेछः

(१) परीक्षा लिखित, मौखिक तथा प्रयोगात्मक हुनेछ।

अन्यत्र जुनसुकै कुरा लेखिएतापनि लिखित परीक्षा ५ सेट कच्चा प्रश्न पत्र तयार गर्न ५ जना विषय बिज्ञको व्यवस्थाबाट गरिनेछ। परीक्षा संचालन समितिबाट मोडरेसन गरिनेछ।

| | | |
|---|---|---|
| क. लिखित परीक्षा : | (१) सामान्य परीक्षा | १०० अंक |
| | (२) विषयगत परीक्षा | १०० अंक |
| ख. प्रयोगात्मक परीक्षा : | | २५ अंक |
| ग. अन्तरबार्ता : | | २५ अंक |

(२) उपदफा १ खण्ड क (१) बमोजिमको सामान्य परीक्षाको उत्तीर्णाङ्क ५० हुनेछ।

(३) ) उपदफा १ खण्ड क(२) बमोजिमको विषयगत परीक्षाको उत्तीर्णाङ्क ४० हुनेछ।

(४) उपदफा १ खण्ड खः विषयको प्रकृति हेरी आवश्यक ठानेमा अन्तरवार्ता समितिले प्रयोगात्मक परीक्षा लिन सक्ने छ।

(५) उपदफा १ खण्ड क (१) बमोजिमको सामान्य परीक्षामा उत्तीर्ण भएका परीक्षार्थीले मात्र खण्ड क(२) बमोजिमको विषयगत परीक्षाका लागि उमेदवार हुन पाउनेछन।

(६) लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा दुबै परीक्षामा उत्तीर्ण हुने उमेदवारहरु मध्ये आवेदन आव्हान गरिएको पद संख्यमा शिक्षक सेवा आयोग नियमावली २०५७ नियम २० अनुसार हुने संख्या थप गरी खण्ड ख र ग बमोजिमका परीक्षामा समावेश हुन सूचना प्रकाशन गरिनेछ।

(७) सामान्य परीक्षा र विषयगत परीक्षाको कूल प्राप्ताङ्कको आधारमा लिखित परीक्षाको नतिजा प्रकाशित गरिनेछ। यसरी लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा सबैभन्दा पहिले स्थायी अध्यापन अनुमति पत्र प्राप्त भएका उम्मेदवारहरु मध्ये उपदफा (६) बमोजिमको संख्यामा अन्तवार्ताका लागि सिफारिस गरिनेछ।

(८) उपदफा (७) बमोजिम अन्तरवार्ताका लागि सिफारिस हुने उम्मेदवारहरुको संख्या उपदफा (६) बमोजिम निर्धारण भएको संख्या भन्दा कम हुन गएमा जति संख्या नपुग हुन्छ त्यति संख्या सम्मको लागि दुवै लिखित परीक्षामा प्राप्त गरेको कूल प्राप्ताङ्कको आधारमा उच्च अंक प्राप्त गर्ने स्थायी अध्यापन अनुमति पत्र प्राप्त नगरेका उम्मेदवारहरु मध्येबाट सिफारिस गरिनेछ।

(९) सामान्य परीक्षाको किसिम बस्तुगत हुनेछ। प्रतिप्रश्न २ अंक भार रहनेछ। प्रश्नको गलत उत्तर दिएमा अंक कटौती हुने छैन।

(१०) लिखित परीक्षाको पाठ्यक्रमको क्षेत्र र कम शिक्षक सेवा आयोगले लिने परीक्षाको पाठ्यकम अनुसार हुनेछ।

१४. अन्तरबार्ता वापत देहाय बमोजिम अंक प्रदान गरिनेछ।

(१) शैक्षिक योग्यता वापत

क. न्युनतम शैक्षिक योग्यता वापत : प्रथम र द्धितीय श्रेणी वापत कमश ३ र २ अंक दिइनेछ।

(ख). माथिल्लो शैक्षिक योग्यता बापत : प्रथम र द्धितीय श्रेणी वापत कमश २ र १ अंक प्रदान गरिनेछ।

(२) सेवा अनुभव बापत : शहिद लखन गाँउपालिका भित्रका सामुदायिक विद्यालयमा निजी स्रोतमा रही कम्तिमा एक शैक्षिक सत्र पूरा गरेका उम्मेदवारलाई प्रति बर्ष १ अंकका दरले बढीमा ५ अंक सम्म प्रदान गरिनेछ।

(३) अन्तरबार्ता वापत १५ अंक प्रदान गरिनेछ।

तर अन्तरवार्ता वापत अंक प्रदान गर्दा न्युनतम ३५ प्रतिशत र अधिकतम ७० प्रतिशत भन्दा बढी दिन पाइने छैन। अन्यथा दिन परेमा कारण खुलाउनु पर्ने छ।

(४) अन्तरवार्ता समितिमा देहाय बमोजिमका पदाधिकारी रहनेछन।

क.प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी-संयोजक



शहिद लखन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थलङ, गोरखा २०७३

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

ख. गाउँपालिकामा सुचीकृत भएका माध्यमिक तहका विषय विज्ञहरुमध्ये परीक्षा सञ्चालक समितिले तोकेको एक जना-सदस्य

ग. शिक्षा शाखा प्रमुख वा निजले तोकेको शाखाको कर्मचारी - सदस्य

**१५.** अन्तिम नतिजा प्रकाशन तथा करार सूची सम्बन्धमा : यस गाउँपालिकालाई आवश्यक पर्ने संख्याका सफल उमेदवारहरु मध्ये उल्लिखित संख्या अनुसारका स्वयम् सेवक शिक्षकको अन्तिम नामावली प्रकाशन गरिनेछ । साथै प्रचलित नियमानुसार बैकल्पिक उमेदवारको नामावली प्रकाशन गरे पश्चात बाँकी सबै उत्तीर्ण हुने उमेदवारको प्राप्ताङ्कको वरियताक्रमानुसार करार सुचीमा नामावली प्रकाशन गरिनेछ । साथै कुनै कारणबाट सफल उमेदवारले नियुक्ति नलिएमा वा समयावधि बाँकी रहँदै उक्त पद रिक्त हुन गएमा क्रमश बैकल्पिक उमेदवार र करार सूचीका उमेदवारलाई नियुक्ति गरिनेछ ।

**१६.** नियुक्ति सम्बन्धमा : स्वयम् सेवक शिक्षक छनौट परीक्षामा सफल उमेदवारलाई अनुसूची २ अनुसारको करार नामा गरी अनुसूची ३ बमोजिम गाउँपालिकाले नियुक्ति दिनेछ ।

**१७.** विषय विज्ञको व्यवस्था : स्वयम् सेवक शिक्षक छनौट परीक्षाका प्रश्नपत्र तयार,उत्तरपुस्तिका परीक्षण तथा परीक्षा लगायत अन्यकार्य गर्न यस शहिद लखन गाउँपालिकामा सूचीकृत शिक्षकहरुलाई परीक्षा संचालन समितिले खटाउनेछ ।

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थिङ्ग, गोरखा
२०७३

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

परिच्छेद ४

सेवा, सुविधा र शर्त

१८. स्वयम् सेवक शिक्षकको म्याद बढीमा एक शैक्षिक सत्रको हुनेछ ।

१९. विद्यालय व्यवस्थापन समिति र सम्बन्धित शाखाको प्रतिवेदनको आधारमा प्रत्येक शैक्षिक सत्रको अन्त्यमा गाउँ कार्यपालिकाले म्याद थप गर्ने छ । यदि शिक्षकको कार्यसम्पादन सन्तोषजनक नपाइएमा निजको म्याद थप गर्न बाध्या हुने छैन ।

२०. अवकास पछि स्वयम् सेवक शिक्षकलाई अनुभवको प्रमाण पत्र प्रदान गरिने छ ।

२१. स्वयम सेवक शिक्षकलाई प्रत्येक महिना गाउँपालिकाले निर्णय गरे अनुसार निर्वाहखर्च उपलव्ध गराइनेछ । गाउँपालकिाको निर्णयानुसार पोशाक भत्ता र चाडवाड खर्च वापत एकमुष्ठ रकम प्रदान गरिनेछ तरं चाडवाड र पोशाक खर्च एक शैक्षिक सत्रमा ६ महिना भन्दा बढी सेवा अवधि पूरा नगरी प्रदान गरिने छैन ।

२२. स्वयम सेवक शिक्षकले सुत्केरी विदा वापत ९८ दिन प्राप्त गर्नेछन तर उक्त अवधिको सेवा सुविधा वापत १ महिनाको निर्वाह खर्च मात्र प्राप्त गर्नेछन ।

२३. भैपरी र पर्व विदा गरेर प्रत्येक महिनाको १ दिन प्रदान गरिनेछ । यो विदा वस्दा प्रधानाध्यापकसंग पूर्व स्वीकृति लिनु पर्नेछ । स्वीकृति अवस्थाहेरी लिखित तथा मौखिक दुवैरुपमा लिन सकिनेछ ।

२४. किरिया विदा नेपाल सरकारले अन्य शिक्षकलाई तोकेनुसार हुनेछ ।

२५. निज स्वयम् सेवक शिक्षक दीर्घकालिन रोगका कारण उपचार गर्नु परेमा वा आकस्मिक दुर्घटनामा परी अंग भङग भई उपचार गर्नु परेमा प्रमाणका आधारमा सम्बन्धित विद्यालयको सिफारिसमा गाउँपालिकाको निर्णयानुसार एक शैक्षिक सत्रमा १२ दिनसम्म उपचार विदा दिन सकिनेछ र त्यसको अभिलेख गाउँपालिकामा रहने छ।

२६. स्वयम् सेवक शिक्षकको कुनै विदा संचित हुने छैन ।

प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद ५

### विविध

२७.विद्यालयको आवश्यकताका आधारमा स्वयम सेवक शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा गाउँपालिकाले स्थानान्तरण गर्न वाधा पुग्ने छैन ।

२८. यदि कुनै विद्यालयमा दरवन्दि,राहत वा शिक्षण सिकाइ अनुदान थपभई स्वयम् सेवक शिक्षकको आवश्यकता नदेखिएमा जुनसुकै वेला अन्य विद्यालयमा स्थान्तरण गर्न सकिनेछ । एक वा एक भन्दा वढी स्वयम सेवक शिक्षक भएको विद्यालयमा कुनै एक स्वयम सेवक शिक्षक हटाउन पर्ने भए नियुक्तिका क्रमका आधारमा कनिष्टतालाई हटाइनेछ ।

२९. यस प्रकृतिका शिक्षकलाई गाउँपालिकाबाट तालिमको व्यवस्था गर्नसकिनेछसाथै अन्य शिक्षण सिकाइ क्रियाकलापको तालिम लिन समेत पाउनेछन्।त्यसैगरी गाउँपालिकाले सेवाकालीन तालिमको आयोजना गरेमा उक्त तालिम लिन भने वाधा पार्नेछैन । तर नेपाल सरकारको सेवकालीन तालिम लिन भनेपाउने छैनन् ।

३०. कुनै विद्यालयमा कार्यरत शिक्षक सुत्केरी भएमा त्यस विद्यालयको सिफारिसमा बढीमा ९८ दिनका लागि रोष्टरमा भएका स्वयम सेवक शिक्षकहरु मध्येबाटगाउँपालिकाले करार नामा गरी नियुक्ति दिन सक्नेछ । यस्तो अवस्थामा विषय मिल्ने अवस्था भएमा विषय मिलाएर राख्नु पर्नेछ । ९८ दिनको विदा पश्चात सुत्केरी विदामा रहेको शिक्षकले पुनः निरन्तरता दिन चाहेमा निरन्तरता दिइनेछ अन्यथा करार सूचीबाट लिइएको स्वयम सेवक शिक्षकलाई बाँकी अवधी निरन्तरता दिइनेछ । सुत्केरी विदाको अवधिको निर्वाहखर्च पाउने छैन तर पोशाक भत्ता र चाडवाड खर्चको लागि सेवा निरन्तर भएमा समय गणना गरिनेछ ।

३१. यदि स्वयम सेवक शिक्षकले सन्तोषजनक कार्य गरेको नपाइएमा प्रधानाध्यापकको सिफारिसमा शिक्षाशाखा प्रमुखको अनुगमन प्रतिवेदनका आधारमा गाउँपालिकाको निर्णयले हटाउन सक्नेछ । तर यसरी हटाउनु भन्दा अघि निज शिक्षकलाई स्पष्टीकरणको उचित मौका भने दिइनेछ ।

३२.अन्तिम नतिजा प्रकाशन सम्बन्धी विषेश व्यवस्था: अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि स्वयम् सेवक शिक्षक छनौटको अन्तिम नतिजा प्रकाशन गर्दा उत्तीर्ण हुन सफल उम्मेदवार मध्ये स्थायी अध्यापन अनुमति पत्र प्राप्त उम्मेदवारहरुको नामावली प्रकाशन गरेपश्चात मात्र अध्यापन अनुमति पत्र प्राप्त नगरेका उम्मेदवारहरुको नामावली प्रकाशन गरिनेछ ।

३३. यो कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकामा रहने छ र आवश्यकतानुसार जुनसुकै वखतसंशोधन गर्न सक्नेछ ।

३४. दरखास्त रद्द वा सफिारिस बदर हुन सक्ने : देहायको अवस्थामा उम्मेदवारको जुन सुकै बखत दरखास्त रद्द वा सफिारिस बदर हुन सक्नेछ ।

(क) कुनै उम्मेदवारले झुठ्ठा विवरण दिएको प्रमाणित भएमा वा परीक्षाको मर्यादा भङ्ग गरेमा वा त्यस्तो कार्य गर्ने उद्योग गरेमा गाउँपालिकाले त्यस्तो उम्मेदवारको दरखास्त रद्द गर्न सक्नेछ ।
(ख) गाउँपालिकाबाट नियुक्तिका लागि सिफारिस भएको कुनै उमेदवारले नियुक्ति लिन नपाउँदै निज स्वयम् सेवक शिक्षक सिफारिस हुन नसक्ने प्रमाणिक कारण उपलब्ध भएमा गाउँपालिकाले त्यस्तो उम्मेदवारको दरखास्त रद्द गर्न सक्नेछ ।
(ग) कुनै उम्मेदवारले झुठो विवरण दिएको कुरा त्यस्तो सिफारिस गरिएको पदमा नियुक्ति भई सकेपछि थाहा हुन आएमा गाउँपालिकाले आवश्यक छानविन गरी त्यस्तो उम्मेदवारको दरखास्त रद्द गर्न सक्नेछ ।



जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

गण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोरखा
२०७४

अनुसूची १

**शहिद लखन गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यलय**

**घैरुङ्ग, गोरखा**

**स्वयम् सेवक शिक्षक पदको लागि दरखास्त आवेदन फारम**

हाल सालै खिचिएको पासपोर्ट साइजको मुखाकिति पुरै देखिने फोटो टाँसि फारम र फोटोमा पर्ने गरी उम्मेदवार र अधिकृत कर्मचारीले दस्तखत गर्ने

१. परीक्षा दिने पद सम्बन्धी विवरणः

| | | | |
|---|---|---|---|
| क. विज्ञापन नं. | | ख. परीक्षा दिने मूल विषय | |

२. व्यक्तिगत विवरणः

| | | | | | |
|---|---|---|---|---|---|
| उम्मेदवारको | नाम थर | | पहिलो नाम | बिचको नाम | अन्तिम नाम (थर) |
| | | देवनागरिकमा | | | |
| | | अंग्रेजी (ठूलो अक्षरमा) | | | |
| | नागरिकता नं. | | जारी गर्ने जिल्ला | | जारी मिति |
| स्थायी ठेगाना | जिल्ला | | न.पा./गा.पा. | | वडा नं. |
| | टोल | | मोवाइल नं. | | |
| | | | लिङ्ग | | |
| पत्राचार गर्ने ठेगाना | | | इमेलः | | |
| वावुको नामथर | | | आमाको नाम थर | | |
| बाजेको नाम थर | | | पति/पत्निको नाम थर | | |
| जन्म मिति (वि.सं. मा) | ............/......./....... | | दरखास्त दिने अन्तिम मिति सम्मको उमेरः ............ वर्ष...........महिना...... दिन | | |

३. शैक्षिक योग्यता सम्बन्धि विवरणः

| क.सं. | अध्ययन गरेको संस्थाको नाम | उत्तीर्ण गरेको | | | GPA/प्रतिशत | मूल विषयहरु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | परीक्षा | साल | श्रेणी | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

४. तालिम/प्रशिक्षण आदिको विवरण (कम्तिमा १० महिने वा सो सरहको तालिम मात्र)

| क.सं. | तालिम दिने संस्थाको नाम | तालिमको नाम | उत्तीर्ण गरेको | | | तालिमको अवधि | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | परीक्षा | साल | श्रेणी | देखि | सम्म | |



प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

५. सेवा अनुभवन सम्बन्धि विवरण (शिक्षण पेशामा रही कम्तीमा १ वर्ष वा सो भन्दा माथिको अनुभव मात्र उल्लेख गर्ने

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | तह | कार्यरत अवधि देखि | | | कार्यरत अवधि सम्म | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | साल | महिना | गते | साल | महिना | गते | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

९. यस दरखास्त फारममा उल्लेख गरिएका सम्पूर्ण विवरणहरु सत्य छन्। उम्मेदवारका लागि दिइएको निर्देशन मैले राम्ररी पढेको छु र म ति सर्तहरु पालन गर्न मन्जुर छु लेखिएको विवरण झुठा ठहरिएमा कानुन बमोजिम सहुँला बुझाउँला।

| ल्याप्चे सहिछाप | | मितिः |
|---|---|---|
| दायाँ | बाँया | उम्मेदवारको दस्तखतः |
| | | |

नोटः दरखास्त फारम साथ संलग्न कागजातहरु उम्मेदवार स्वयंले प्रमाणित गरिएको हुनुपर्ने छ।

**गाउँपालिकाको कर्मचारीले भर्नेः**

| आवेदन फारम स्वीकृत भए/नभएको | भएको ☐ नभएको ☐ | | |
|---|---|---|---|
| बैक भौचर वा रसिद नं. | | रोल नं. | |
| रुजु गर्नेको दस्तखत | | प्रमाणित गर्नेको दस्तखत | |
| मितिः | | | |

प्रमुख प्रशासकीय अधिकृत

शहिद लखन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यलय

घैरुङ्ग, गोरखा

## प्रवेश पत्र

हाल सालै खिचिएको पासपोर्ट साइजको मुखाकिति पुरै देखिने फोटो टाँसि फारम र फोटोमा पर्ने गरी उम्मेदवार र अधिकृत कर्मचारीले दस्तखत गर्ने

परीक्षार्थीले भर्नेः

| | | | |
|---|---|---|---|
| क) नाम थर | | | |
| ख) विज्ञापन नं. | | ग) पदः | |
| घ)परीक्षार्थीको दस्तखत | | | |

गाउँपालिकाको कर्मचारीले भर्ने

यस कार्यालयबाट मिति ........ ........ मा लिइने परीक्षामा तपाईलाई परीक्षामा सम्मिलित हुनका लागि अनुमति दिइएको छ। विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो प्रवेशपत्र रद्द हुने छ।

परीक्षा केन्द्रः

रोल नं.

अधिकृतको दस्तखत

---

शहिद लखन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यलय

घैरुङ्ग, गोरखा

## प्रवेश पत्र

हाल सालै खिचिएको पासपोर्ट साइजको मुखाकिति पुरै देखिने फोटो टाँसि फारम र फोटोमा पर्ने गरी उम्मेदवार र अधिकृत कर्मचारीले दस्तखत गर्ने

परीक्षार्थीले भर्नेः

| | | | |
|---|---|---|---|
| क) नाम थर | | | |
| ख) विज्ञापन नं. | | ग) पदः | |
| घ)परीक्षार्थीको दस्तखत | | | |

गाउँपालिकाको कर्मचारीले भर्ने

यस कार्यालयबाट मिति ........ ........ मा लिइने परीक्षामा तपाईलाई परीक्षामा सम्मिलित हुनका लागि अनुमति दिइएको छ। विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो प्रवेशपत्र रद्द हुने छ।

परीक्षा केन्द्र

रोल नं.

अधिकृतको दस्तखत

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

### परीक्षार्थीले पालना गर्नु पर्ने नियमहरु

१.परीक्षार्थीले परीक्षा भवनमा आउँदा अनिवार्यरुपमा प्रवेश पत्र ल्याउनु पर्ने छ। अन्यथा परीक्षामा समावेश हुन पाइने छैन।

२.परीक्षा हलमा मोवाइल फोन ल्याउन पाइने छैन ।

३ पहिलो पत्रमा उत्तीर्ण हुने परीक्षार्थीले मात्र दोस्रो पत्रको परीक्षामा समावेश हुन पाइने छ ।

४.परीक्षार्थीले पहिलो पत्रमा उत्तर दिंदा पश्न पत्रमा तोकिएको निर्देशन अनुसार दिनु पर्छ ।अन्यथा अंक गणना हुने छैन ।

५ उत्तर पुस्तिकामा प्रयोग गरिने मसी कालो मात्र हुनु पर्नेछ ।

६उत्तर पुस्तिकामा पहिलो पेजमा नाम थर तथा रोल नम्बर आदि विवरण लेखेको कभर पेजको ठीक पछाडिको पृष्ठमा उत्तर लेख्नु हुँदैन ।

७ कार्यलयले तोकेको परीक्षा केन्द्र बाहेक अन्य केन्द्रबाट परीक्षा दिएमा परीक्षा रद्द गरिने छ ।

८ परीक्षा सुरु हुनुभन्दा ३० मिनेट अगाडि जनाउ घण्टिले सूचना गरेपछि परीक्षा भवनमा प्रवेश गर्नुपर्ने छ ।

९ परीक्षा सुरुभएको आधा घण्टापछी आउने परीक्षार्थीलाई परीक्षामा समावेश गरिने छैन् ।

१० परीक्षा सुरुभएको आधा घण्टा व्यतित नभएसम्म परीक्षा भवनबाट बाहिर जान पाइने छैन ।

११ परीक्षा भवनमा किताब कापी कागज चिट लगायत परीक्षासँग असम्बन्धित अन्य कुनै पनी कागजात लैजान पाइने छैन।

१२ उत्तर पुस्तिकामा आफूलाई चिनाउने कुनै सङकेत फोन मोबाईल नम्बर आदि लेख्न पाइने छैन । लेखेमा परीक्षा रद्द हुनेछ ।

१३ सङक्रामक रोग लागेको निश्चित भएको वा सङका लागेको वा लक्षण देखिएको परीक्षार्थीले परीक्षा सुरुहुनुभन्दा १ घण्टा अगावै केन्द्राध्यक्ष सँग सम्पर्क गर्नुपर्ने छ । केन्द्राध्यक्षले त्यस्ता बिरामिहरुका लागि छुट्टै कोठाको व्यवस्था गर्नुपर्ने छ ।

१४ परीक्षासँग सम्बन्धित सूचना यस गाँउपालिकाको वोयबसाइट तथा यस शाखाको फेसबुक पेजबाट हेर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची २
## करार सम्झौता

शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, (यसपछि पहिलो पक्ष भनिएको) र गोरखा जिल्ला, ..............................गाउँपालिका, वडा नं ...बस्ने श्री ..............(यसपछि दोश्रो पक्ष भनिएको) का बीच शहिद लखन गाउँपालिकाको ...... ...... विद्यालयमा गई शिक्षण पेशामा आवद्ध हुन मिति २०७.......... को निर्णय अनुसार देहायका कार्य/शर्तको अधिनमा रही दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको संझौता गरी एक/एक प्रति आपसमा बुझि लियौं दियौं :

१. **शिक्षण पेशामा आवद्ध सम्बन्धमा :** दोस्रो पक्षले आफूलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप काम गर्नु पर्नेछ ।

२. **काम गर्नु पर्ने स्थानः** शहिद लखन गाउँपालिका वा अन्तर्गतका विद्यालयहरु।

३. **करारमा शिक्षण गरे बापत पाँउने पारिश्रमिक :** प्रत्येक महिना व्यतित भएपछि, पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमा रु. १५५००। (अक्षरेपी रु. पन्ध्र हजार पाँच सय मात्र) पारिश्रमिक उपलब्ध गराउनेछ ।

४. **आचरणको पालनाः** दोश्रो पक्षले शहिद लखन गाउँपालिकाको प्रचलित कानूनमा ब्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ ।

५. **बिदाः** दोस्रो पक्षलाई सार्बजनिक बिदा र ६ दिन भैपरी आउने र ६ दिन पर्व बिदा बाहेक अन्य कुनै पनि किसिमको बिदा उपलब्ध हुने छैन । साथै विद्यालयलाई आवश्यक परेको खण्डमा बिदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ ।

६. **विद्यालयको सम्पत्तिको सुरक्षाः** दोस्रो पक्षले विद्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

७. **गोप्यताः** दोस्रो पक्षले विद्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षितपूर्ति दोश्रो पक्षबाट भराइनेछ र कालो सूचीमा समेत राखिनेछ ।

८. **करार अवधिः** यो करार २०७७।............ देखि लागु भई २०७८।......... सम्मको लागि हुनेछ ।

९. **कार्यसम्पादन मूल्यांकनः** पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालवसाली निरन्तरता दिन उपयुक्त देखिएमा कार्यविधिको दफा ९ बमोजिम करार निश्चित अवधिको लागि थप हुन सक्नेछ ।

१०. **पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्यः** दोश्रो पक्षले पहिलो पक्षलाई लगातार ७ (सात) दिन भन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहीले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वतः यो संझौता पहिलो पक्षले रद्ध गरी अर्को ब्यवस्था गर्न वाधा पर्ने छैन । दोश्रो पक्षले शारिरीक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु



प्रमुख प्रशासकीय अधिकृत

बराबर उल्लघंन गरेमा दोश्रो पक्षसंगको संझौता रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखी काम लगाउन बाधा पर्ने छैन ।

११. **दावी नपुग्ने**: दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनाका लागि दाबी गर्न पाँउने छैन/गर्ने छैन ।

१२. **प्रचलित कानून लागू हुने**: यस संझौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

<u>गाउँपालिकाको तर्फबाट :</u>

हस्ताक्षर :

नाम :

पद :

कार्यालयको छापः

<u>दोस्रो पक्ष (करार गर्ने व्यक्ति):</u>

हस्ताक्षर :

नाम :

ठेगाना :

साक्षी

हस्ताक्षर :

नाम :

पद :

कार्यालय : शहिद लखन गाउँपालिका,गोरखा ।

कार्यालयको छाप

शहिद लखन गाउँपालिका कार्यालय गोरखा २०७३

प्रमुख प्रशासकीय अधिकृत

मितिः २०७८।...।..

बिषयः नियुक्ति सम्बन्धमा।

श्री ..............,

......................।

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०७८।...।.... गतेको निर्णयानुसार तपाईलाई यस गाउँपालिका अन्तर्गतको ......................... विद्यालयको स्वयम् सेवक शिक्षकको रुपमा मिति २०७८।..।...। गते देखि लागु हुने गरी शिक्षण गर्न नियुक्त गरिएको हुँदा यस गाउँपालिकाको ..................... विद्यालयको वि.व्य.स र प्रधानाध्यापकसँग समन्वय गरी करार सम्झौता बमोजिमको सेवा, शर्त र कार्य विवरण बमोजिम प्रचलित कानूनको अधिनमा रही इमानदारीपूर्वक आफ्नो जिम्मेवारी पूरा गर्नुहुन अनुरोध छ।

......................

आधिकारिक दस्तखत

**बोधार्थः**

श्री आर्थिक प्रशासन शाखा, शहिद लखन गाउँपालिका ।

श्री ............. विद्यालय, शहिद लखन गाउँपालिका ।

प्रमुख प्रशासकीय अधिकृत

[illegible]

[illegible]

[illegible]